### ग्रेनाइट स्कुल डिस्ट्रिक्ट

# 2022-2023 निम्न माध्यमिक स्कुलको शुल्क तालिका

***शुल्क रकम र खर्च योजनाहरू*** - यस तालिकामा सूचीबद्ध गरिएका सबै शुल्कहरू स्कुलले उल्लिखित गतिविधि, कक्षा, समूह वा टोलीमा सहभागी हुनका लागि प्रति विद्यार्थी शुल्क लिन सक्ने शिक्षा बोर्डद्वारा स्वीकृत अधिकतम रकम हुन् । विद्यार्थी शुल्कबाट हुने खर्चका प्रकारहरूमा सहायक कर्मचारी लागत, शैक्षिक सेवाहरू, कर्मचारी प्रशिक्षण, व्यावसायिक सेवाहरू, प्राविधिक सेवाहरू, विद्यार्थीको भ्रमण, विज्ञापन सेवाहरू, मुद्रण सेवाहरू, क्रियाकलाप तथा विद्यार्थीका लागि सामग्रीहरू, विद्यार्थीको खाना, प्राविधिक सामग्री, उपकरण तथा संस्थागत सुदृढीकरण र क्लबको बक्यौता शुल्क समावेश हुन्छन् । प्रत्येक स्कुलका विशिष्ट आवश्यकताहरू र तर्जुमा गरिएका विशेष योजनाहरूका कारण योजनाबद्ध खर्चहरू कार्यक्रम तथा स्कुलअनुसार फरक-फरक हुन्छन् । दर्ता गर्नुअघि, प्रत्येक स्कुलमा हरेक कार्यक्रमका लागि प्रधानाध्यापकद्वारा स्वीकृत शुल्क रकम र सम्बन्धित खर्च योजनाहरू schoolfees.graniteschools.org मा अनलाइन प्रकाशित हुन्छन् । विस्तृत शुल्क तथा खर्च योजनासम्बन्धी विवरणका लागि अभिभावकहरूलाई उनीहरूको स्कुलको शुल्क तालिका हेर्न प्रोत्साहित गरिन्छ । पूर्व-परीक्षण गर्नुपर्ने स्कुलका क्रियाकलापहरूका लागि शुल्कहरू मूल्याङ्कन गर्नुअघि सहभागीहरूको छनोट गर्नु पर्ने हुन्छ। ***सबै शुल्कहरूमा छुट लागू हुन्छ ।***

| सामान्य शुल्क | *शुल्क लिन सकिने अधिकतम रकम* | | *शुल्क लिन सकिने अधिकतम रकम* |
|---|---|---|---|
| आधारभूत नाम दर्ता (सबै विद्यार्थीहरू) | $40.00 | | |

***स्कुलद्वारा प्रायोजित भर्ना शुल्क/फन्डरेजर - माथि उल्लिखित सामान्य शुल्कबाहेक आवश्यकताअनुसार निम्न शुल्कहरू विशिष्ट कार्यक्रमका लागि शुल्क लगाउन सकिने छ ।***

| | | | |
|---|---|---|---|
| स्कुल नृत्य | $5.00 | क्याम्पसबाहिरका अन्य कार्यक्रमहरूमा भर्ना (प्रचलित बिक्री कर बाहेक) | $60.00 |
| स्कुल नाटक, कन्सर्ट र सङ्गीत | $10.00 | नाट्य महोत्सव | $15.00 |

| पाठ्यक्रम शुल्क (प्रति सेमेस्टर पाठ्यक्रम) | *शुल्क लिन सकिने अधिकतम रकम* | | *शुल्क लिन सकिने अधिकतम रकम* |
|---|---|---|---|
| ***सामान्य पाठ्यक्रम शुल्क*** | | | |
| भिजुअल आर्ट<br>*यसअन्तर्गत शिल्प, रेखाचित्र, चित्रकला, फोटोग्राफी, मूर्तिकला, कला इतिहास, आदि पर्दछन्* | $40.00 | सङ्गीत (प्रदर्शन नगर्ने समूह)<br>उपकरण भाडा / उपयोग शुल्क (पहिलो उपकरण)<br>उपकरण भाडा (प्रति अतिरिक्त उपकरण) | $25.00<br>$75.00<br>$10.00 |
| करियर र प्राविधिक शिक्षा परिचय कक्षा | $15.00 | | |
| अन्य करियर तथा प्राविधिक शिक्षा<br>*यसअन्तर्गत कृषि, व्यवसाय, FACS,*<br>*दक्ष र प्राविधिक अनि प्रविधि र ईन्जिनियरिङ* | $40.00 | शारीरिक शिक्षा<br>क्याम्पसभित्र पढाइने पाठ्यक्रम<br>क्याम्पसबाहिर पढाइने पाठ्यक्रम | <br>$10.00<br>$80.00 |
| नृत्य | $15.00 | एकीकृत विज्ञान<br>*जीवविज्ञान, रसायन शास्त्र, पृथ्वी विज्ञान, भौतिक शास्त्र, आदि पर्दछन्* | $15.00 |
| नाट्य / स्टेज क्रु | $15.00 | | |
| अङ्ग्रेजी | $10.00 | आफ्नो गतिमा गरिने अनलाइन पाठ्यक्रम (क्रेडिटको प्रति .25 एकाइ शुल्क) | $30.00 |

***विशिष्ट शीर्षक पाठ्यक्रम शुल्क - माथिको पाठ्यक्रम शुल्क बाहेक, लागू भएसम्म विशेष शीर्षकहरूका लागि निम्न शुल्कहरू लगाउन सकिने छ ।***

| | |
|---|---|
| उपकरण भाडा (साङ्गीतिक वाद्यन्त्र बाहेक) | $35.00 |

## सह-पाठ्यक्रम / अतिरिक्त पाठ्यक्रम तथा क्रियाकलाप शुल्क

**(प्रति शैक्षिक वर्ष । सबै सम्भावित पाठ्यक्रम शुल्क र कोष सङ्कलन समावेश गरिएको छ । सुनियोजित सामूहिक कोष सङ्कलन गर्नाले क्रियाकलापका लागि आफ्नो तर्फबाट तिर्नुपर्ने खर्च कम गर्न सक्छ तर ग्यारेन्टी भने हुँदैन ।)**

| खेलकुद शुल्क | *शुल्क लिन सकिने अधिकतम रकम* | पाठ्यक्रम र क्रियाकलाप शुल्क | *शुल्क लिन सकिने अधिकतम रकम* |
|---|---|---|---|
| बास्केटबल | $100.00 | कलेज तयारी<br>*AVID, लेटिनोज इन एक्सन, पिपल अफ द प्यासिफिक र यस्तै खाले पाठ्यक्रमहरू समावेश छन्* | $60.00 |
| चियर (तेस्रो पक्षद्वारा सञ्चालित प्रमाणित शिविर पनि पर्दछ) | $600.00 | | |
| क्रस कन्ट्री | $60.00 | नृत्य प्रदर्शन गर्ने समूहहरू (तेस्रो पक्षद्वारा सञ्चालित दिवा शिविरहरू पर्दछन्) | $400.00 |
| फुटबल | $60.00 | वादविवाद | $60.00 |
| ट्र्याक | $60.00 | ग्रेनाइट जुनियर युथ सिम्फोनी | $60.00 |
| भलिबल | $60.00 | सङ्गीत प्रदर्शन गर्ने समूहहरूमा *ब्यान्ड, अर्केस्ट्रा र क्वायर पर्दछन्* | $150.00 |
| कुस्ती | $100.00 | *उपकरण भाडा / उपयोग शुल्क (आवश्यक परेमा)* | $75.00 |
| स्कुल इन्ट्रामुरल - *माथि सूचीबद्ध नगरिएको* | $20.00 | विद्यार्थी सरकार / क्लब अधिकारीहरू | $275.00 |
| | | थिएटर / सङ्गीत निर्माण (मञ्चमा पर्दर्शन गर्ने कलाकारहरूका लागि प्रति उत्पादन) | $100.00 |
| | | क्लबको बक्यौता | |
| प्रशिक्षक/परामर्शदाताद्वारा सञ्चालित डिस्ट्रिक्ट शिविरहरू | $50.00 | स्कुल क्लबहरू | $30.00 |
| | | अतिरिक्त प्रान्तीय/राष्ट्रिय सदस्यता (सदस्यताको लागत) | $35.00 |

| रात बिताउने गरी विद्यार्थी भ्रमण (प्रति भ्रमण)<br>(अधिकतम शुल्कमा सबै सम्भावित कोष सङ्कलनहरू पर्दछन्) | *शुल्क लिन सकिने अधिकतम रकम* |
|---|---|
| रात बिताउने गरी विद्यार्थी भ्रमण (स्वीकृत भौगोलिक क्षेत्रभित्र)<br>*रात बिताउने गरी विद्यार्थी भ्रमणका लागि सबै अनुरोधहरू प्रधानाध्यापक, निर्देशक र सहायक सुपरीवेक्षकद्वारा स्वीकृत हुनुपर्छ ।* | **$1,700.00** |

## अधिकतम शुल्क सीमा — $1,250.00

यो रकम प्रत्येक शैक्षिक वर्षका लागि विद्यार्थीले तिर्नुपर्ने वा स्वेच्छापूर्वक व्यक्तिगत रूपमा कोष सङ्कलन गर्नुपर्ने अधिकतम रकम हो । यो अधिकतम शुल्क सीमा 3 वटासम्म सह-पाठ्यक्रम / अतिरिक्त क्रियाकलापहरूमा लागू हुने छ । यस सीमाभन्दा बाहिरका क्रियाकलापहरूमा भाग लिने विद्यार्थीहरूले यी अतिरिक्त क्रियाकलापहरूका लागि पूर्ण शुल्क रकम तिर्नुपर्ने हुन सक्छ । अधिकतम शुल्क सीमा रात बिताउने गरी विद्यार्थी भ्रमण, स्कुलद्वारा प्रायोजित प्रवेश शुल्क र आवश्यक सामूहिक कोष सङ्कलनमा लागू हुँदैन ।

**छुट नहुने शुल्कहरूको तालिका** - बोर्डले डिस्ट्रिक्टको सम्पत्तिमा भएको क्षति र अनुशासन नियमहरूको उल्लङ्घन गरेबापत जरिवाना असुल्ने अधिकार दिएको छ । प्रशासनिक जरिवानामा स्कुलद्वारा प्रायोजित क्रियाकलापहरूमा गरिने सहभागिता समावेश नगर्ने हुनाले यी जरिवानाहरू यस शुल्क तालिकाको सट्टा बोर्डले स्वीकृत गरेका छुट नहुने शुल्कहरूको अनुसूचीमा अन्य छुट नहुने शुल्कहरूमा सूचीकृत गरिएको छ ।

*युटा संहिता 53G-6-704 र युटा एड्मिन । संहिता R277-494 अनुसार, अतिरिक्त क्रियाकलापहरूमा भाग लिने सबै होम स्कुल, निजी स्कुल र चार्टर स्कुलका विद्यार्थीहरूले माथि उल्लिखित लागू हुने क्रियाकलाप-विशेष शुल्क(हरू) तिर्नुपर्ने छ । चार्टर स्कुलमा अध्ययन गर्ने र अतिरिक्त क्रियाकलापहरूमा भाग लिने विद्यार्थीहरूका लागि, भर्ना भएको चार्टर स्कुलले विद्यार्थीले क्रियाकलापमा भाग लिइरहेको स्कुललाई एक पटक $49.00 वार्षिक स्कुल सहभागिता शुल्क पनि तिर्नुपर्ने छ । त्यस्ता विद्यार्थीहरूले आधारभूत दर्ता शुल्क तिर्नुपर्ने छैन ।*

**यो शुल्क तालिका अप्रिल 12, 2022 मा ग्रेनाइट बोर्ड अफ एजुकेसनले स्वीकृत गरेको थियो ।**